२०६७०७२५ गतेका DENET कार्यसमितिले गरेका निर्णयहरु

निर्णय नं १ :- जिल्ला ऊर्जा सञ्जाल (DENET ) गठनको उदेश्य, लक्ष्य, कार्यक्षेत्र, संरचना, स्वरुप,चुनौती र भावी योजना बारे सचिवालयबाट तयार पारिएको परिचयात्मक प्रस्तुती (Introductory Presentation ) आजको बैठकमा पेश भई सञ्जालका पदाधिकारीहरुलाई जानकारी भयो ।

निर्णय नं २ :- जिल्ला ऊर्जा नेटवर्कको भूमिकालाई अझ व्यापक र प्रभावकारी बनाउन चौमासिक रुपमा बैठक बस्ने र सो नेटवर्क मार्फत सन २०११ संचालन गर्ने गरी देहाय बमोजिमको कार्यक्रम तयार गरी श्रोतको लागि ग्रामिण ऊर्जा विकास कार्यक्रममा अनुरोध गर्ने निर्णय गरियो ।

कार्यक्रम :-

- जिल्ला ऊर्जा तथा वातावरण शाखालाई जि. वि.स. अन्तर्गत आन्तरिकरण गर्ने वारे
- क्षेत्रिय भेला आयोजना गरि नेपाल सरकारको ऊर्जा नीति तथा भावी योजनाबारेमा गोष्ठी संञ्चालन गर्ने वारे
- जिल्ला ऊर्जा संञ्जालका पदाधिकारीहरुलाई नविकरणीय ऊर्जा प्रविधिहरुको अनुभव आदान प्रदान गर्न अन्तराष्ट्रिय शैक्षिक भ्रमण गर्ने वारे

निर्णय नं ३ :- नेपाल सरकारको सार्वजनिक नीजि साझेदारी (Public Private Partnership) को नीति बमोजिम धादिङ्ग जिल्लामा सञ्चालनमा आएको महेश खोला साना जल-विद्युतको आयोजनालाई अन्य जिल्लाहरुमा समेत योजनाको अनुभव आदान प्रदान गर्ने उद्देशयले जिल्ला स्तरिय अन्तरक्रियाहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :- ग्रामिण ऊर्जा विकास कार्यक्रमको Project Execution Board मिटिङ्गमा जिल्ला ऊर्जा संञ्जालका अध्यक्ष र स्थानीय विकास अधिकारी समाजका अध्यक्षलाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न लिखित अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५ :- जिल्ला ऊर्जा संञ्जालको सदस्यता शुल्क उठाउने कार्य आ.व. ०६५/०६६ सुचारु गरिएकोमा हालसम्म केहि जिल्लाबाट मात्र प्राप्त भएको हुदा सबै जिल्लालाई अनिवार्य रुपमा प्रतिवर्ष रु १०,०००/- का दरले पठाउनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६ :- People Hydro को क्षेत्रमा जि.वि.स. हरुको भूमिका प्रभावकारी बनाउन स्थानीय विकास मन्त्रालय, वातावरण मन्त्रालय तथा ऊर्जा मन्त्रालयसंग छलफल तथा सहकार्यलाई अगाडि बढाउन देहाय बमोजिमका एक Task Force गठन गर्ने निर्णय गरियो ।

समन्वयन समितिः-

१. श्री माधव प्रसाद पौडेल - संयोजक

२.श्री कृष्ण प्रसाद जैसी जि.वि.स.महासंघ प्रवक्ता - सदस्य

३. अध्यक्ष स्थानीय विकास अधिकारी समाज - सदस्य

४. अध्यक्ष जिल्ला ऊर्जा संञ्जाल - सदस्य

५.कार्यकारी महासचिव,जि.वि.स.महासंघ - सदस्य सचिव